नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक लि.

**केन्द्रीय कार्यालय**

**प्रमुख कार्यकारी अधिकृतको कार्यालय**

सिंहदरबारप्लाजा, काठमाडौं

मिति : २०८३/०३/२६

**<u>प्रेस विज्ञप्ती</u>**

**बैंकको नाम दुरुपयोग गरी हुन सक्ने ठगीबाट बच्नअनुरोध**

पछिल्ला दिनहरुमा केही अनधिकृत व्यक्ति तथा ठगी गिरोहले राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको नाममा ग्राहकहरूलाई फोन गरी KYC Update गर्ने भन्दै ठेगाना, ईमेल, बैंक खाता नम्बर लगायत व्यक्तिगत विवरण माग्ने, Whatsapp, Viber, Messenger जस्ता सञ्चार प्लेटफर्ममा कल गर्ने तथा अनधिकृत तवरले OTP पठाई सो OTP माग्ने, स्क्रीन शेयर गर्न लगाउने, अनधिकृत एप इन्स्टल गर्न लगाउने, अनधिकृत लिङ्क (Phising Link) पठाई क्लिक् गर्न लगाउने, झुटा अफर तथा योजनाको बारेमा बताई आर्थिक लाभको प्रलोभनमा पार्ने जस्ता ठगीजन्य गतिविधिहरू गरिरहेको सूचना बैंकलाई प्राप्त हुन आएकाले यसतर्फ बैंकको गम्भीर ध्यानाकर्षण भएको छ।

यस सन्दर्भमा राष्ट्रिय वाणिज्य बैंकका कुनै पनि कर्मचारी वा अधिकृत प्रतिनिधिद्वारा KYC Update होस् वा अन्य कुनैपनि प्रयोजनका लागि कहिल्यै पनि फोन, इमेल, सामजिक सञ्जाल तथा अन्य माध्यमबाट ग्राहकसँग एटिएम् पिन, मोबाइल बैंकिङ तथा ई-बैंकिङका ओटिपि, इमेल, पासवर्ड वा अन्य व्यक्तिगत गोप्य विवरण नमागिने कुरा बैंक स्पष्ट पार्न चाहन्छ।

तसर्थ हामी हाम्रा ग्राहकहरूलाई अनधिकृत रुपमा आउने यस किसिमका फोन, इमेल वा सामाजिक सञ्जालका सन्देशमा विश्वास नगर्न हार्दिक अनुरोध गर्दछौं। यदि कहिंकतै कुनै माध्यमबाट शंकास्पद गतिविधि भए गरेको पाईएमा नजिकैको शाखा कार्यालय वा बैंकका आधिकारिक सम्पर्क नम्बरहरूमा मात्र सम्पर्क गरी जानकारी गराउनुहुन साथै बैंकको आफ्नै वेबसाइट www.rbb.com.np बाट प्रकाशित हुने बैंकका आधिकारिक सूचना मात्र फलो गर्नुहुन (पछयाउनुहुन) अनुरोध गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक ग्राहकहरूको सुरक्षित बैंकिङ कारोबारका लागि प्रतिबद्ध रहँदै आएको छ र यस्ता ठगीजन्य क्रियाकलाप विरुद्ध सचेत एवं सजग रहन सम्पूर्ण ग्राहकहरूलाई आह्वान गर्दछ।

............................

पवन रेग्मी

उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी


राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
ने.रा.बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था
...तपाईंको आफ्नै बैंक
आफ्नो भनेको आफ्नै हुन्छ
www.rbb.com.np
RBB ले तपाईंको KYC वा M-Banking Verification को नाममा Call वा Message गर्दैन
Incoming Call
Unknown Number
Rastriya Banijya
call center @ SERVICE
Warning: Potential Fraud
SINGHDARBAR MARG KATHMANDU, 4..
Last call 1 min. ago
Spice Nepal Unkonwn Number
truecaller